**आकाशवाणी समाचार- नेपाली**
मितिः ०५ अप्रेल २०२६
समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**<u>प्रमुख समाचार</u>**

- प्रधानमंत्री नरेंद्र मोदी आज चुनाव प्रचारका लागि राज्यको कूच बिहारको भ्रमणमा आउनुहुनेछ।

- बंगाल विधानसभा चुनाव 2026 बीच निर्वाचन आयोग (ECI) ले कानून-व्यवस्थामा विफलता को मामलामा वरिष्ठ पुलिस अधिकारीहरु विरुद्ध कार्यवाही गरेको छ।

- भारतीय जनता पार्टीले पश्चिम बंगाल विधानसभा चुनावको लागि उम्मीदवारहरुको पांचऔं सूची जारी गरेको छ ।

- राष्ट्रपति अनि उपराष्ट्रपतिले देशवासीहरुलाई आज ईस्टरको पर्वमा शुभकामना दिएका छन्।

- मौसम विभागले दार्जिलिङ पहाड़ी क्षेत्रमा आंशिक रुपमा बदल लागि रहेता पनि मौसम सामान्य रहने पुर्वानुमान गरेको छ।

**<u>प्रधानमंत्री पश्चिम बंगाल दौरा</u>**

प्रधानमंत्री नरेंद्र मोदी आज चुनाव प्रचारका लागि राज्यको कूच बिहारको भ्रमणमा आउनुहुनेछ। राज्य बिधानसभा चुनावका लागि भाजपाले सबै 294 सीटमा आफ्नो उम्मेदवारको घोषणा गरे पछि प्रधानमंत्री नरेन्द्र मोदीको यो पहिलो चुनावी जनसभा हुनेछ। कूच बिहार रास मेला मैदानमा उहाँले कूच बिहार जिलाको आठ सीट अनि अलीपुरद्वार जिलाको पांच सीटमा चुनाव लड़िरहेका भाजपा उम्मीदवारहरुको समर्थन मा प्रचार गर्नुहुनेछ।

**बाइट**

जनसभालाई लिएर सम्पूर्ण जिल्लामा सुरक्षाको ठोस व्यवस्था गरिएको छ। यस सम्बन्धमा प्रधानमन्त्रीको सुरक्षा टोली र विशेष सुरक्षा समूह (एसपीजी) का अधिकारीहरू सुरक्षा व्यवस्थाको समीक्षा गर्न कूचबिहार आइपुगेका छन्। सेनाको हेलिकप्टरले कूचबिहार विमानस्थलमा परीक्षण अवतरण पनि गरेको छ।

**<u>बंगाल-निर्वाचन आयोग</u>**

बंगाल विधानसभा चुनाव 2026 बीच निर्वाचन आयोग (ECI) ले कानून-व्यवस्थाको मोर्चाहरुमा ठुलो कार्यवाही गरेको छ। कोलकाता को हाई-प्रोफाइल 159 -भवानीपुर विधानसभा क्षेत्र मा केंद्रीय गृह मंत्री अमित शाह को रोड शो अनि भाजपा प्रत्याशी शुभेंदु अधिकारी नामांकनको अवधि सुरक्षा व्यवस्थामा विफलता को मामलामा वरिष्ठ पुलिस अधिकारीहरु विरुद्ध कार्यवाही गरिएको छ। निर्वाचन आयोगले मुख्य सचिवलाई लेखेको प्रत्रमा कोलकाता पुलिसको एक डीसी (DC) सहित 4 पुलिस अधिकारीहरुलाई तत्काल प्रभावले निलंबित गर्ने अनि उनीहरु विरुद्ध अनुशासनात्मक कार्यवाही शुरू गर्ने निर्देश दिएको छ। निर्वाचन आयोगले यी 4 अधिकारीहरु विरुद्ध कार्यवाही, पश्चिम बंगाल को मुख्य निर्वाचन अधिकारी (CEO) को सिफारिशमा गरेको हो। अनुशासनात्मक कार्रवाईको निर्देश: दिँदै आयोगले मुख्य सचिव सित आज 5 अप्रैल बिहान 11:00 बजे सम्ममा यस आदेशमाथि भएको कार्यवाहीको विवरण पनि मांगेको छ। यसको साथै निलंबनको कारण रिक्त भएका पदहरुलाई भर्नकालागि आयोगले राज्य सरकारसित चाँड़ै नयाँ नामहरुको प्रस्ताव पठाउन पनि भनेको छ।

**निर्वाचन आयोग: पश्चिम बंगालमा सुरक्षा फिर्ता लिइयो**

निर्वाचन आयोगले पश्चिम बंगालमा विभिन्न स्तरमा तृणमूल कांग्रेसका नेताहरूलाई प्रदान गरिएको व्यापक पुलिस सुरक्षाको बारेमा गम्भीर आपत्ति जनाएको छ। आयोगले यस विषयमा सम्भावित पक्षपाती दृष्टिकोणको बारेमा पनि आशंका व्यक्त गरेको छ। आयोगका सुत्रहरु अनुसार, चुनावको घोषणा हुनुभन्दा अघि, राज्य सरकारले ८३२ तृणमूल कांग्रेसका नेताहरू र सत्तारूढ दलका समर्थकहरू सहित १४४ अन्य व्यक्तिहरूलाई सुरक्षा प्रदान गर्न कुल २,१८५ पुलिस कर्मचारीहरू तैनाथ गरेको थियो। यस विषयलाई गम्भीरतापूर्वक लिँदै, निर्वाचन आयोगले राज्य पुलिस महानिदेशक सिद्धिनाथ गुप्तालाई दुई देखि तीन दिन भित्र निष्पक्ष तरिकाले सुरक्षा व्यवस्थाको समीक्षा गर्न निर्देशन दिएको छ।

**निर्वाचन आयोग – पश्चिम बंगाल**

मतदाताहरूको सुविधाको लागि निर्वाचन आयोगले पश्चिम बंगालमा ४ हजार ६६० भन्दा बढी सहायक मतदान केन्द्रहरू स्थापना गर्न अधिकृत गरेको छ। आयोगले दर्ता भएका मतदाताहरूको संख्या १,२०० भन्दा बढी भएका मतदान केन्द्रहरूको लागि यो स्वीकृति प्रदान गरेको छ। थप रूपमा, आयोगले मतदाताहरूलाई सुविधा दिन ३२१ मतदान केन्द्रहरूको स्थानान्तरणलाई अनुमोदन गरेको छ। यी सहायक मतदान केन्द्रहरू सहित, पश्चिम बंगालमा मतदान केन्द्रहरूको कुल संख्या अब ८५ हजार३७९ छ। यस सम्बन्धमा निर्वाचन आयोगले राज्यका मुख्य निर्वाचन अधिकारीलाई पत्र लेखेको छ। आयोगले सहायक मतदान केन्द्रहरूको स्थापना र अवस्थित मतदान केन्द्रहरूको स्थानान्तरणको बारेमा मतदाताहरूलाई जानकारी गराउन व्यापक प्रचार अभियान सञ्चालन गर्न निर्देशन पनि जारी गरेको छ।

**बीजेपी पश्चिम बंगाल**

भारतीय जनता पार्टीले पश्चिम बंगाल विधानसभा चुनावको लागि उम्मीदवारहरुको पांचऔं सूची जारी गरेको छ । सूचीमा पांच उम्मीदवारहरुको नाम घोषित गरिएको छ । सूची अनुसार, **अनुपम बिस्वास** कल्याणी सीटबाट, **तारकनाथ चटर्जी** कृष्णानगर उत्तरबाट , **सौरव सिकदर** दमदम उत्तरबाट, **अनिंद्य राजू** बनर्जी मध्यमग्रामबाट र **रुद्रप्रसाद बनर्जी** उलूबेरिया पूर्व विधानसभाबाट चुनाव लड्ने छन्। पार्टीले आफ्नो पछिलो सूचीमा रहेको केहि नामहरुमा पनि संशोधन गरेकोछ । अब **कौशिक सिद्धार्थ** बसीरहाट उत्तरबाट, **अभिजीत सरदार** बिष्णुपुर सीट अनि **शंकर सिकदर बेहाला** पूर्व विधानसभा क्षेत्रबाट चुनाव लड्ने छन् ।

**पश्चिम बंगाल - निर्वाचन आयोग - अतनु चक्रवर्ती**

चुनाव आयोगले पानीहाटी विधानसभा क्षेत्रका क्षेत्र सहायक अतनु चक्रवर्तीलाई पदबाट हटाएको छ र उनलाई दुर्व्यवहार र कर्तव्यमा लापरबाहीको आरोपमा कारण बताउ नोटिस जारी गरेको छ। चक्रवर्ती एक विशेष राजनीतिक दलको गतिविधिमा संलग्न भएको रिपोर्ट पछि यो कारबाही गरिएको थियो, जसको आयोगले संज्ञान लिएको थियो। एक अलग घटनामा आयोगले मुर्शिदाबाद जिल्लाको बहरामपुरका प्रभारी निरीक्षकलाई कर्तव्यमा लापरबाही गरेको आरोपमा अनुशासनात्मक कारबाही पनि शुरू गरेको छ। यस अतिरिक्त निर्वाचन आयोगले तृणमूल कांग्रेसका चार नेताविरुद्ध पनि कारबाही अघि बढाएको छ ।

**भरत छेत्री-नामांकन**

आगामी विधानसभा चुनावका निम्ति कालेबुङ क्षेत्रमा भारतीय जनता पार्टीका उम्मेदवार भरत क्षेत्रीले हिज आफ्नो नामांकन दर्ता गरेका छन्। यस अवधि दार्जिलिङका सांसद राजु बिष्ट पनि उपस्थित थिए। पत्रकारहरूलाई सम्बोधन गर्दै सांसद राजु बिष्टले आफ्नो उम्मेदवार भरत क्षेत्रीले खेलकुद क्षेत्रमा देशलाई विश्वभरि चिनाउने काम गरेको बताउनुभयो। श्री विष्टले भरत छेत्रीसित समाजको निम्ति पारदर्शी रुपमा कार्य गर्न सक्ने क्षमता भएको बताउनुहुँदै आफ्नो जित निश्चित रहेको पनि विश्वास व्यक्त गर्नुभयो। जीटीए व्यवस्था नराम्रो होइन तर पश्चिम बङ्गालको तृणमूल सरकारले जी टी ए -लाई शैक्षिक रूपमा चल्न नदिएको तथा यस प्रणालीको आफूले विरोध गरेको पनि राजू विष्टले बताउनुभयो। यसका साथै पहाडमा हरघर जल योजना, प्रधानमन्त्री ग्रामीण सडक योजना अनि प्रधानमन्त्री आवास योजना जस्ता धैरै योजनाहरूमा भ्रष्टाचार भएको पनि श्री विष्टले दाबी गर्नुभएको छ।

**राजू विष्ट**

दार्जिलिङका सांसद Raju Bista ले हिज कालेबुङ्गमा एक महत्वपूर्ण बैठक सम्पन्न भएको जानकारी दिनुभएको छ। यस बैठकमा भारत सरकारका पर्यटन तथा संस्कृति मन्त्री Gajendra Singh Shekhawat को विशेष उपस्थितिमा भाजपा गठबन्धनका साझेदार दलहरू—जीजेएमएम र सीपीआरएमका नेताहरू, साथै जीटीए सभासद Palden Tamang र उहाँको टोली सहभागी भएको जानकारी श्री विष्टले दिनुभएको छ। उहाँले भन्नुभयो बैठकमा आगामी दिनहरूमा चुनावी रणनीति सुदृढ गर्ने र मतदाता सम्पर्क विस्तार गर्ने विषयमा विस्तृत छलफल गरियो। यसको साथै, क्षेत्रले जुझिरहेका विभिन्न समस्याहरूको शीघ्र समाधानका उपायहरूबारे पनि विचार-विमर्श गरिएको श्री विष्टले बताउनुभयो। उहाँले कालेबुङ्ग, दार्जिलिङ पहाड, तराई र डुवर्सका जनताले भ्रष्टाचारग्रस्त तथा विकासविरोधी टीएमसी र गठबन्धनको राजनीतिबाट परिवर्तन चाहेका बताउनुभयो। जनताले भ्रष्टाचारमुक्त, जनमुखी, लोकतान्त्रिक तथा विकासमुखी शासनको माग गरेको पनि सांसद विष्टले बताउनुभएको छ।

## राष्ट्रपति-ईस्टर

राष्ट्रपति द्रौपदी मुर्मुले ईस्टर को अवसरमा देशवासीलाई शुभकामना दिनुभएको छ। आफ्नो संदेशमा उहाँले प्रभु यीशु मसीहको पुनरुत्थानले मानिसहरुलाई सत्य, प्रेम, करुणा, त्याग अनि क्षमा का मूल्यहरुलाई अपनाउनकालागि प्रेरित गरिरहने बताउनुभएको छ। उपराष्ट्रपति सी.पी. राधाकृष्णनले पनि आज ईस्टरको अवसरमा देशवासीलाई हार्दिक शुभकामना दिनुभएको छ। सोशल मीडिया पोस्टमा श्री राधाकृष्णनले यीशु मसीहको जीवन अनि शिक्षाहरुले प्रेम, त्याग, क्षमा अनि सेवा जस्ता शाश्वत मूल्यहरुलाई दर्शाएको बताउनुभएको छ। उपराष्ट्रपतिले यस पवित्र अवसरले मानिसहरुलाई सत्यको पालन गर्ने, विनम्रता अपनाउने अनि सबैको कल्याणको लागि मिलेर काम गर्नकालागि प्रेरित गरिरहने बताउनुभएको छ।

## मौसम

मौसम विभागले दार्जिलिङ पहाड़ी क्षेत्रमा आंशिक रुपमा बदल लागि रहेता पनि मौसम सामान्य रहने पुर्वानुमान गरेको छ। दार्जिलिङ र कालेबुङ्ग क्षेत्रमा अधिकतम तापमान लगभग २० देखि २४ डिग्री सेल्सियस र न्यूनतम तापमान १२ देखि १४ डिग्री सेल्सियस नजिक रहने विभागले अनुमान व्यक्त गरेको छ। विभाग अनुसार आगामी २ देखि ३ दिनसम्म आंशिक रुपमा बदल रहन साथै दिउँसो तथा साँझतिर हल्का देखि मध्यम वर्षा हुन सक्नेछ। यसको साथै मौसम विभागले आगामी केही दिनका लागि सतर्कता अपनाउन अनुरोध गरेको छ।

****** ० ******